# हाम्रो बनेपा हाम्रो गौरव

## आधारभूत तह (कक्षा४-८) स्थानीय पाठ्यक्रम,२०७७



**बनेपा नगरपालिका, काभ्रेपलाञ्चोक**

## प्राक्कथन

स्थानीय ज्ञान, सीप तथा प्रविधिको प्रवर्धन तथा विश्वव्यापी ज्ञान, सीप तथा प्रविधिलाई स्थानीयकरण गर्न स्थानीय पाठ्यक्रम विकास तथा परिमार्जन गरिएको छ । यसै सन्दर्भमा बनेपा नगरपालिकाले बनेपा नगरवासीको माग र सिकारुको आवश्यकताका आधारमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गरेको हो । बनेपा नगरपालिको छैठौं नगरसभाबाट **हाम्रो बनेपा हाम्रो गौरब स्थानीय पाठ्यक्रम** विकास गर्ने नीतिगत व्यवस्था गरिएको थियो । बनेपा नगरपालिकाले मूलतः स्थानीय विषयवस्तुलाई समावेश गरी यो पाठ्यकम विकास तथा कार्यान्वयनमा ल्याएको छ । राष्ट्रिय पाठ्यक्रमको मौजुदा संरचना अनुसार आधारभूत तह (कक्षा ४-८) मा साप्ताहिक ४ पाठ्यघण्टाका दरले वार्षिक १२८ घण्टाको स्थानीय विषयमा पालिकाहरुले स्थानीय पाठ्यकम विकास गर्न सक्ने व्यवस्था गरेको छ । बनेपा नगरपालिकाले स्थानीय विषयमा स्थानीय ज्ञान, सिप, प्रविधि, व्यवसाय, संस्कार र संस्कृति जस्ता मुख्य मुख्य विषय क्षेत्रहरु समावेश गरिएको छ ।

यो पाठ्यकम विकास गर्दा सम्बन्धित सरोकारवालाहरु तथा विज्ञहरूको राय सुझाव लिनुका साथै अन्य पालिकाहरुको स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी अनुभव, नीतिगत व्यवस्थाहरु तथा स्थानीय ज्ञान, सीप तथा व्यवसाय, पेसाको प्रयोग सम्बन्धी अवस्थाको विश्लेषण गरिएको छ । यो पाठ्यकम निर्माणमा विज्ञ, अभिभावक तथा शिक्षक लगातयतका सरोकारवालाहरुको महत्त्वपूर्ण योगदान रहेको छ । पाठ्यक्रम विकासका कममा स्थानीय जनप्रतिनिधिहरु, नगर शिक्षा समिति, स्थानीय बुद्धिजीवीहरु, विज्ञ, शिक्षक, अभिभावक, विद्यार्थीहरु लगायतका सरोकारवालाहरुको छलफलबाट पाठ्यकमका विषयवस्तुहरुको आवश्यकता पहिचान गरी स्थानीय पाठ्यकम विकास मागदर्शन, २०७६ अनुसारको ढाँचा विकास गर्न बनेपा नगर कार्यपालिकाको बैठकले बनेपा नगरपालिका उपप्रमुखको अध्यक्षतामा वडाध्यक्षहरु, शिक्षकहरु, स्थानीयस्तरका विज्ञहरु सम्मिलित स्थानीय पाठ्यकम निर्माण समिति गठन गएिको थियो । उक्त समितिद्वारा विद्यालय तह, वडा तह तथा स्थानीय तहमा विभिन्न कार्यशालाहरु सञ्चालन गरी पाठयकमका सक्षमता, सिकाइ उपलब्धि, विषय क्षेत्र तथा कम, शिक्षण सिकाइ विधि तथा मूल्याङ्कन विधिहरुको तर्जुमा गरिएको छ ।

स्थानीय विषयको पठनपाठन सुनिश्चित गर्ने दायित्व स्थानीय तहको सहयोगमा विद्यालयको हुनेछ । यसको पठनपाठनको भाषा नेपाली वा मातृभाषा हुनेछ । शैक्षिक सत्र २०७७ मा कक्षा १ र ८ स्थानीय पाठ्यकम कार्यान्वयन गरिनेछ । बनेपा नगरपालिकाले आधारभूत तह (कक्षा १-८) मा वि.स. २०७९ सम्म यो पाठ्यकमको पूर्ण कार्यान्वयन गर्ने लक्ष्य लिएको छ । यस पाठ्यकमको कार्यान्वयनलाई थप प्रभावकारी बनाउन पाठ्यपुस्तक लगायतका सामग्री विकास गरिने छ । अन्त्यमा यो पाठ्यकम विकासमा सहयोग पुर्याउने स्थानीय पाठ्यक्रम निर्माण समिति, विज्ञ, शिक्षाविद्, शिक्षकहरु, विद्यार्थी अन्य सरोकारवालाहरु सवैलाई धन्यवाद दिन चाहान्छौं । आगामी दिन यो पाठ्यकमले स्थानीय ज्ञान, सीप, प्रविधि तथा व्यवसायहरुको विकासमा टेवा पुग्ने विश्वास लिएको छौं । आगामी संस्करणका लागि सरोकारवालाहरुबाट रचनात्मक सुझावको अपेक्षा गर्दछौं ।

बनेपा नगरपालिका, काभ्रेपलाञ्चोक

विषय सूची


| सि.न. | विषय | पेज नं. |
|---|---|---|
| १ | परिचय | १ |
| २ | सक्षमताहरु | १ |
| ३ | कक्षागत सिकाइ उपलब्धि | २ |
| ४ | विषयक्षेत्र तथा क्रम | ५ |
| ५ | विषयवस्तु विस्तृतीकरण | ७ |
| ६ | शिक्षण सिकाइ विधि | २३ |
| ७ | मूल्याङ्कन विधि | २३ |
| ८ | कार्यान्वयन अवधि | २३ |

## १. परिचय

स्थानीय पाठ्यकम स्थानीय परिवेश तथा व्यक्तिको आवश्यकतासमेतको सापेक्षतामा निर्माण तथा कार्यान्वयन गरिन्छ । यो पाठ्यकमले स्थानीय भौगोलिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक पक्षलाई प्रभाव पारेको हुन्छ । यो पाठ्यकम राष्ट्रको शिक्षा नीति, उद्देश्य, राष्ट्रिय पाठ्यक्रम प्रारूपका मार्गनिर्देश तथा कक्षा आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यकम २०६९ को संरचना अनुसार स्थानीय पाठ्यक्रम विकास गरिएको हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) (४) मा मातृभाषामा शिक्षा दिने, विद्यालयको अनुमति, अनुगमन तथा नियमनसम्बन्धी व्यवस्था गरी स्थानीय पाठ्यक्रमको कार्यान्वयन अवस्थालाई इङ्गित गरेको छ । यस्तै उक्त ऐनको दफा ११ (ज) (१८) मा स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण गर्ने कुरा उल्लेख गरिएको छ । आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९ मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य विषय भनी यसलाई पाठ्यभार ४ र पूर्णाङ्क १०० कायम गरिएबमोजिम बनेपा नगरपालिकाद्वारा हाम्रो बनेपा हाम्रो गौरव नामक स्थानीय पाठ्यकम तयार गरिएको हो । यस पाठ्यकममा बनेपा नगरपालिकाको परिचय, प्राकृतिक स्रोत तथा सम्पदा, संस्कार र संस्कृति, स्थानीय पेशा,उधमशीलता र प्रविधि, स्वास्थ्य, सरसफाइ तथा खेलकुद, विपद् र विपद् व्यवस्थापन, वातावरण, दिगो विकास तथा हरित विद्यालय, व्यक्ति र संस्था परिचय तथा बनेपाको ऐतिहासिक, प्रशासनिक, राजैनितिक र मानवीयपक्षलाई मुख्य विषयक्षेत्रहरुका रुपमा समावेश गरिएका छ । निश्चित कक्षा वा तहको अध्ययन पूरा गरेपछि विद्यार्थीहरूले हासिल गर्ने सक्षमता र ती सक्षमता हासिल गर्नका लागि विषयगत रूपमा प्राप्त गर्नुपर्ने सिकाइ उपलब्धि निर्धारण गर्दछ। पाठ्यक्रमले अपेक्षित सिकाइ उपलब्धि प्राप्तिका लागि सिकाइ विधि तथा प्रक्रियाको प्रयोग र विद्यार्थीमा अपेक्षित सिकाइ उपलब्धिहरू प्राप्तिको सुनिश्चिततालाई विद्यार्थी मूल्याङ्कनबाट सुनिश्चित गरिनेछ ।

यस पाठ्यक्रममा विद्यार्थीका पूर्व सिकाइ अनुभव, उसका परिवेश तथा पृष्ठभूमि, रुचि र क्षमतासहित वर्तमानको आवश्यकता आंकलन गरी उनीहरूले हासिल गर्नुपर्ने स्थानीय ज्ञान, सिप, अभिवृत्तिसहितका सक्षमताहरू समेटिएका छन् । स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन,२०७६ अनुसार वि.सं.२०७७ देखि कक्षा १ मा कार्यान्वयन प्रारम्भ भई चार वर्षमा कक्षा १–८ का सबै कक्षामा कार्यान्वयन हुने आधारभूत तहको पाठ्यक्रमअन्तर्गत कक्षा १–३ मा स्थानीय पाठ्यक्रमका लागि साप्ताहिक ५ पाठ्यघन्टा अर्थात् वार्षिक १६० घन्टा छुट्याइएको छ भने ४–८ कक्षामा स्थानीय पाठ्यक्रमका लागि साप्ताहिक ४ पाठ्यघन्टा अर्थात् वार्षिक १२८ घन्टा छुट्याइएको छ । कक्षा १–८ यो समयावधिमध्ये स्थानीय तहको समन्वयमा विद्यालयले पूरै समय मातृभाषालाई वा केही समय मातृभाषालाई र अन्य समय कुनै अन्य एउटा स्थानीय विषयलाई पनि दिन सक्नेछन् ।

## २. सक्षमता

बनेपा नगरपालिकाभित्रका आधारभूत तह (कक्षा १-८)का विद्यालयका अध्यापन गराउनका लागि निर्माण गरिएका स्थानीय पाठ्यक्रमका अपेक्षित सक्षमता निम्नानुसार छन् :

क) बनेपा नगरपालिकाको ऐतिहासिक परिचय, भौगोलिक अवस्था, साँध सिमाना, जनसङ्ख्या, जातजाति, भूमिका तथा कार्यहरुको विवरण र प्रस्तुति

ख) वन जङ्गल, जडीबुटी, नदी, ताल, कुवा, पानीका स्रोत, ढुङ्गेधारा, डाँडाकाँडा, खानीलगायका प्राकृतिक स्रोत र सम्पदाको संरक्षण र संवर्द्धनमा सहभागिता

ग) जातजाति, मठ, मन्दिर, चैत्य, विहार, गुम्बा, जात्रा, पर्व, मेला, आनीबानी, मूल्यमान्यता, भाषा र वेषभूषा, गीत, सङ्गीतको पहिचान र अनुसरण

घ) बनेपा नगरपालिका भित्रका संस्कार तथा संस्कृतिको संरक्षण र प्रवर्द्धन

ङ) स्थानीय तहमा अपनाइने पेसा, उद्यमशीलता,व्यापार र प्रविधिको प्रवर्तनात्मक उपयोग

च) सरसफाइ, भोजन, व्यायाम, योग, प्राणायाम, ध्यान, स्थानीय खेलहरूको परिचय र अभ्यास

छ) प्रकोप र वातावरणको संरक्षणप्रति सजक, दिगो विकासको परिचय र हरित विद्यालय अवधारणाको अवलम्बन

ज) बनेपाको विकास निर्माण र समाज सेवामा विशेष योगदान पुऱ्याउने महत्त्वपूर्ण व्यक्ति र संस्थाहरू परिचय ।

## ३. कक्षागत सिकाइ उपलब्धि

आधारभूत तहका सक्षमताहरु हासिल गर्न कक्षागत सिकाइ उपलब्धिहरु देहाय बमोजिम रहेका छन् :

| विषय क्षेत्र | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|
| बनेपा नगरपालिकाको परिचय | • आफू बसेको ठाउँको परिचय बताउन<br>• आफू बसेको ठाउँको जनसंख्या बताउन<br>• वडागत जातजातिको जनसंख्या तथा जनसंख्याको विशेषता बताउन ।<br>• बनेपाको जातिगत इतिहास बताउन । | • बनेपा नगरपालिको परिचय तथा भूमिका बताउन<br>• बनेपा नगरपालिकाले सम्पादन गर्ने कार्यहरुको सूची बनाउन । | • स्थानीय सेवाहरुको परिचय तथा महत्त्वबारे परिचय बताउन,<br>• स्थानीय सेवाहरुको वितरणको संयन्त्र परिचय र सेवा वितरणको प्रक्रियाको सचेतीकरण सूची बताउन । | • नगरपालिकाको विकासका आवधिक योजनाको परिचय तथा महत्त्व बनाउन ।<br>• आवधिक विकास योजनाका विषयगत क्षेत्रहरु र वर्गीकरणको अभ्यासको अवधारणा बताउन ।<br>• नगर योजना निर्माण तह तथा प्रक्रियाबाट बताउन<br>• विकास योजना कार्यान्वयन र अनुगमनको अवधारणा बताउन । | • बनेपा तथा बनेपा नगरपालिकाको परिचय तथा ऐतिहासिक परिचय बनाउन<br>• मानव संसाधनको विकासको परिचय तथा महत्त्व बताउन<br>• मानव संसाधन विकासँग सम्बन्धित कार्यक्रमको बाारेमा बताउन । |
| प्राकृतिक स्रोत र सम्पदा | • आफ्नो क्षेत्रको ऐतिहासिक धार्मिक, साँस्कृतिक, पर्यटकीय स्थलको बारेमा भन्न । | • जैविक विविधताको परिचय दिई बनेपा क्षेत्रमा पाइने जैविक विविधता बारे बताउन । | • स्थानीय प्राकृतिक स्रोत परिचालन तथा व्यवस्थापनको परिचय, तरिका तथा अवस्था पहिचान गर्न । | • नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोतहरुको परिचय र संरक्षणका उपायहरु बताउन ।<br>• बनेपा नगरपालिकाका साँस्कृतिक सम्पदाहरुको परिचय, महत्त्व र संरक्षणका उपायहरु बताउन । | • बनेपाका प्राकृतिक स्रोतको परिचय तथा प्रकारका बारेमा बताउन<br>• बनेपाका प्राकृतिक स्रोतहरुको महत्त्व तथा संरक्षणको अवस्था बताउन । |

| विषय क्षेत्र | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|
| संस्कार र संस्कृति | • स्थानीय सामाजिक मूल्य र मान्यताहरुको परिचय दिउन ।<br>• स्थानीय परिवेश अनुसार सामाजिक चलन बारे बताउन ।<br>• स्थानीय सामाजिक मूल्य र मान्यताहरुको महत्त्व बताउन । | • स्थानीय क्षेत्रमा बोलिने भाषा र वेषभुषाहरुको नाम बताउन<br>• स्थानीय क्षेत्रमा व्रत उपवास बसिने मुख्य अवसरहरु पहिचान गर्न,<br>• स्थानीय बाजाको परिचय तथा नाम बताउन<br>• स्थानीय क्षेत्रमा गाइने गीत गाउन । | • वडागत जातजातिहरुको जनसंख्याको पहिचान तथा परिचय बताउन<br>• वडागत जातजातिहरुको जनसंख्या अनुसारको चाडपर्व, रीतिरिवाजहरु तथा प्रचलनहरुको परिचय तथा महत्त्व बताउन । | • नैतिक आचरण मूल्य मान्यता र सभ्यताको पहिचान र महत्त्व बताउन<br>• नैतिक आचरण मूल्य मान्यता र सभ्यताको प्रयोगको अवस्था बताउन । | • नैतिक मूल्य तथा मान्यता विकासका लागि नैतिकताको अर्थ तथा नैतिक मूल्य तथा मान्यताको परिचय तथा महत्त्व बताउन<br>• बनेपामा नैतिक मूल्य तथा मान्यताहरुको विकास तथा प्रयोगको अवस्था पहिचान । |
| स्थानीय पेसा उद्यमशीलता र प्रविधि | • स्थानीय परम्परागत व्यावसायहरुको परिचय तथा प्रकार बताउन<br>• स्थानीय परम्परागत तथा आधुनिक व्यवसायहरुको अन्तरसम्बन्ध बताउन<br>• स्थानीय परम्परागत व्यावसायहरुको अवस्था पहिचान गरी महत्त्व बताउन | • स्थानीय क्षेत्रमा गरिने परम्परागत व्यावसायहरुको परिचय दिई त्यसमा प्रयोग गरिने सीप र प्रविधिको परिचय बताउन ।<br>• स्थानीय उद्योगहरुको परिचय र महत्त्व बताउन | • उद्यमशीलताको परिचय दिदै उद्यमी विकासका तरिका र प्रकार बताउन<br>• परम्परागत व्यावसायहरु जस्तै डोरी नाम्लो बनाउने , चकटी तथा सुकुल , गुन्द्री बनाउने , दुना टपरी र बत्ती तथा सिलाई बुनाइ व्यावसायहरुको परिचय तथा अभ्यासको अनुभव | • स्थानीय रुपमा गरिने खेतीपातीहरुको परिचय ,महत्त्व र तरिका बताउन<br>• व्यावसायिक खेती तथा बेमौसमी खेतीको परिचय तथा तरिका बताउन | • आफ्नो घर वरिपरीको खाली ठाउँको सदुपयोग गर्न कौशी खेतीको परिचय तथा मलको प्रयोग गरी खेतीप्रतिको लगाव बढाउन<br>• उद्योग तथा उद्यमशीताको परिचय तथा महत्त्व बताउन<br>• पर्यटनको विकासको अवधारणा, महत्त्व तथा चुनौती पहिचान<br>• बनेपामा पर्यटन विकासको संभावना खोजी गर्न |
| स्वास्थ्य, सरसफाइ र खेलकुद | • सरसफाइको परिचय दिदै व्यक्तिगत सरसफाइको परिचय तथा तरिका बताउन | • आफू बसेको स्थान वरिपरि रहेका सार्वजनिक स्थलहरुको नाम बताई | • योग तथा प्रणायमको परिचय, महत्त्व बताउँदै यिनको दैनिक अभ्यास | • विद्यालय तहबाट शारीरिक व्यायाम तथा ध्यानको अवधारणा विकास गरी | • स्वास्थ्य तथा पोषणको परिचय बताउन |

| विषय क्षेत्र | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|
| | • व्यक्तिगत तथा सार्वजनिक स्थलका सरसफाइको परिचय दिन<br>• वडागत स्थानीय खेलहरुको परिचय तथा प्रकार बताउन<br>• केही स्थानीय खेलहरुको अभ्यास गर्न | त्यसको संरक्षणका उपायहरु पहिचान गर्न<br>• स्वस्थ जीवनशैलीका तरिकाहरु बताई स्वस्थ आहार शैली पहिचान | गरी स्वस्थ्य जीवन शैली विकास | प्रयोगात्मक अभ्यासबाट स्वस्थ्य जीवन शैली विकास<br>• व्यक्तित्व विकासका लागि सकारात्मक सोचको परिचय तथा तरिका बताउन<br>• चरित्रवान नागरिक विकासका लागि चरित्र निर्माणको अवधारणा विकास | • योग, ध्यान र व्यायामलाई सहज तरिकाले दैनिक रुपमा प्रयोग गर्न<br>• योग,ध्यान र व्यायामलाई प्रभावकारी कार्यान्वयन गर्न योगकेन्द्रको परिचय तथा महत्त्व बताउन |
| विपद्, वातावरण, दिगो विकास र हरित विद्यालय | • फोहोर व्यवस्थापनको समस्या पहिचान गरी व्यवस्थापन र सदुपयोग गर्ने तरिका पहिचान तथा व्यवस्थापनको अभ्यास | • आफू बसेको स्थानका सम्भावित प्राकृतिक विपद्हरुको पहिचान गरी न्यूनीकरणका उपायहरु खोजी<br>• आफ्नो क्षेत्रका प्रदूषणहरु पहिचान गरी प्रदूषण नियन्त्रणका उपायहरु बताउन, | • स्थानीय स्तरमा दिगो वातावरणीय विकासको परिचय तथा महत्त्व बताउन ,<br>• स्थानीय विकास निर्माणले वातावरणमा परेको प्रभाव मूल्याङकन | • विपद व्यवस्थापनमा स्थानीय तहको भूमिको परिचय तथा महत्त्व बताउन<br>• विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन बनेपा नपाभित्रका सरकारी संस्थाहरुको भूमिकाहरुको पहिचान तथा प्रयोग | हरित विद्यालय तथा दिगो विकासको अवधारणा तथा प्रयोगको अवस्था पहिचान |
| स्थानीय कवि साहित्यिक व्यक्तित्व परिचय | स्थानीय क्षेत्रका प्रख्यात कवि साहित्यकारहरुको सामान्य परिचय बताउन | • स्थानीय क्षेत्रका प्रख्यात कवि साहित्यकारहरु स्थानीय विकासमा योगदान गरेका व्यक्तिको नाम बताई मुख्य योगदानहरु बताउन | • बनेपाको विकासमा बनेपा नगरपालिकाभित्र सामाजिक संस्थाहरुको परिचय, महत्त्व तथा योगदान बताउन,<br>• बनेपाको विकासमा बनेपा नगरपालिकाभित्र रहेका सरकारी संस्थाहरुको परिचय, | • बनेपा नगरपालिकाभित्रका प्राविधिक शिक्षाको विकासमा संलग्न संस्थाहरुको परिचय तथा योगदान बताउन<br>• बनेपाको स्वास्थ्य सेवाको वितरणमा संलग्न संस्थाहरुको परिचय तथा प्रयोगको अवस्था बताउन | बनेपाको कला,कला संस्कृतिको परिचय, महत्त्व तथा निर्माण प्रक्रिया र संरक्षणका तरिका बताउन । |

| विषय क्षेत्र | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|
| | | | महत्त्व तथा योगदान बताउन | | |
| बनेपाको ऐतिहासिक पृष्ठभूमि तथा राजनैतिक विभाजन | | | | | आफू बसोवास गरेको क्षेत्रको ऐतिहासिक, प्रशासनिक तथा राजनैतिक विभाजनको पहिचान तथा विकासको अवस्था बताउन । |

### ४. विषय क्षेत्र र क्रम

| क. स. | विषयक्षेत्र | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | बनेपा नगरपालिकाको परिचय | • नगरपालिकाको इतिहास, जातिगत परिचय | • बनेपा नगरपालिकाको भूमिका तथा कार्यहरु | • स्थानीय सेवाहरु तथा वितरणको संयन्त्र | • नगरपालिकाको आवधिक योजना तथा कार्यक्रम तर्जुमा कार्यान्वयन | • बनेपाको मानव विकासको परिचय तथा कार्यक्रम | १६ |
| २ | प्राकृतिक स्रोत र सम्पदा | • आफ्नो वडाको पर्यटकीय स्थलको परिचय तथा महत्त्व | • जैविक विविधताको परिचय तथा महत्त्व | • स्थानीय प्राकृतिक श्रोत परिचालन र व्यवस्थापन | • स्थानीय सम्पदा तथा संरक्षणहरु | • प्राकृतिक श्रोतको वर्गीकरण र संरक्षण<br>• बनेपाका प्राकृतिक श्रोतको पहिचान , वर्गीकरण र संरक्षण | १६ |
| ३ | संस्कार र संस्कृति | • स्थानीय सामाजिक मूल्य मान्यताको परिचय तथा महत्त्व | • भाषा र भेषभूषा व्रत र उपवास स्थानीय गीत, सङ्गीत बाजा गाजा | • बडागत जातजातिहरुको परिचय तथा रीति, प्रचलन, चाड पर्व | • नैतिक मूल्यमान्यताहरुको परिचय र प्रयोग | • नैतिक मूल्य मान्यताहरुको, प्रकार र महत्त्व<br>• आफ्नो समाजमा नैतिक मूल्य र मान्यताको अवस्था तथा सुधारका उपायहरु | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | स्थानीय पेसा उद्यमशीलता र प्रविधि | • स्थानीय परम्परागत व्यावसायहरुको परिचय र महत्त्व | • परम्परागत व्यावसायका लागि सिप र प्रविधिको आवश्यकता<br>• स्थानीय उद्योग पहिचान तथा महत्त्व | • उद्यमशीताको परिचय व्यवसायिक पेसाका लागि बाँसका सामग्री, डोरी, नाम्लो , चकटी, सुकुल, गन्द्री धुम बुनाइ, सामग्री उत्पादन | • स्थानीय रूपमा गरिने खेतीपातीहरूको परिचय तथा तरिका | • कौशी खेतीको परिचय<br>• कौशी खेती महत्त्व<br>• कौशी खेती गर्ने तरिका<br>• उद्यमशीलताको विकासको तरिका तथा प्रस्ताव विकास | १६ |
| ५ | स्वास्थ्य, सरसफाइ र खेलकुद | • व्यक्तिगत सरसफाइ स्थानीय खेलहरुको परिचय तथा अभ्यास | • सार्वजनिक स्थलको सरसफाइ<br>• स्वास्थ्य आहार विहार शैलीको परिचय तथा महत्त्व | • योग तथा प्राणायामको परिचय, महत्त्व र अभ्यास | • ध्यान तथा व्यायाम परिचय, महत्त्व र अभ्यास सकारात्मक सोच र चरित्र निमार्ण | • पोषण तथा शरीर विकास परिचय र महत्त्व<br>• योगासन परिचय, प्रकार र अभ्यास | १६ |
| ६ | विपद्, वातावरण, दिगो विकास र हरित विद्यालय | • फाहोर व्यवस्थापनको तरिका तथा व्यवस्थापनमा समस्या | • विपद्को परिचय, वर्गीकरण र न्यनूीकरणका उपाय<br>• स्थानीय वातावरण प्रदूषणको अवस्था , सुधारका उपाय | • दिगो वाातावरणीय विकास<br>• स्थानीय स्तरका विकास निर्माणले वातावरणलाई पारेको प्रभाव | • विपद् व्यवस्थापनमा स्थानीय तह तथा संस्थाहरुको भूमिका | • हरित विद्यालय परिचय र महत्त्व दिगो विकासको परिचय र महत्त्व | १६ |
| ७ | व्यत्ति संस्था परिचयः | • बनेपा क्षेत्र भित्रका साहित्यिक व्यक्तित्त्वहरु | • नगरपालिका क्षेत्रभित्रका सामाजिक सस्थाहरू | • सङघ्सस्थाको महत्त्व कवि परिचय र योगदान | • बनेपा पोलिर्टेक्निक इन्स्टिच्युटलगायत संस्थाहरुको परिचय तथा महत्त्व | • स्थानीय चित्रकलाको परिचय र महत्त्व<br>• बनेपामा भएका चित्रकलाको पहिचान<br>• चित्रकला निर्माण्को तरिका तथा अभ्यास<br>• स्थानीय मूर्तिकला निर्माणको तरिका | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | बनेपाको ऐतिहासिक प्रशासनिक, राजनैतिक विभाजन | | | | | • द्वारे प्रथा<br>• वाह्रवटा गाउँ पञ्चायत<br>• काभ्रे जिल्लाको पहिलो नगरपालिका<br>• साविक नगरपालिका<br>हालको विस्तारित नगरपालिका | १६ |

नोट : कक्षा ४ देखि ७ सम्मको वार्षिक कार्यघण्टा एकाइ १ वाहेक प्रत्येक एकाइको १८ हुनेछ । सबै कक्षाको एकाइ १ को कार्यघण्टा २० हुनेछ । कक्षा ८ को प्रत्येक एकाइको वार्षिक कार्यघण्टा १६ रहेको छ ।

## ५. विषयवस्तु विस्तृतीकरण

कक्षागत रुपमा सिकाइ उपलब्धि विषयवस्तु विस्तृतीकरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**कक्षा ४**

| क्षेत्र/एकाइ | विषयवस्तु | विषयवस्तुको विस्तृतिकरण | शिक्षण सिकाइ कियाकलाप | मूल्याङ्कन प्रश्न |
|---|---|---|---|---|
| १. बनेपा नगरपालिका को परिचय | • नगरपालिकाको इतिहास र जातिगत परिचय | • बनेपाको परिचय<br>• बनेपा नगरपालिको इतिहास तथा जातिगत परिचय तथा महत्त्व<br>• बनेपामा नेवार, तामाङ, खस आर्य जातजातिहरुको परिचय | • बनेपाको नक्सा प्रस्तुत गरी वडाको परिचय दिन लगाउने<br>• वडागत रुपमा जातीय बसोवासको इतिहासका बारेमा छलफल गर्ने<br>• बनेपामा नेवार, तामाङ, खस आर्य जातजातिहरुको परिचय दिन मुख्य मुख्य जातिहरुको सूची बनाइ कक्षामा छलफल गर्न लगाउने | • बनेपा नगरपालिका कति वडामा विभाजन गरिएको छ ?<br>• नेवार जातिको वाहुल्य भएका वडाहरुको नाम उल्लेख गर्नुहोस् ।<br>• तामाङ जाति कुन कुन वडामा बसोवास गर्दछन् सूची बनाउनुहोस् । । |

| | | | | |
|---|---|---|---|---|
| | | | • आफू बसोवास गरेको समुदायमा भएको जातजातिको परियोजना कार्य मार्फत विवरण सङकलन गरी कक्षामा प्रस्तुत गर्न लगाउने । | |
| २. प्राकृतिक स्रोत र सम्पदा | • आफ्नो वडाको पर्यटकीय स्थलको परिचय तथा महत्व | • बनेपा नगरको नक्सामा वडाहरुको ऐतिहासिक तथा सांस्कृतिक महत्त्वका स्थलहरु<br>• पर्यटनको परिचय तथा महत्त्व<br>• बनेपाका ऐतिहासिक तथा साँस्कृतिक महत्त्वका स्थलहरुको नामहरु | • बनेपा नगरको नक्सामा वडाहरुको ऐतिहासिक तथा साँस्कृतिक महत्त्वका स्थलहरु नक्सामा देखाउँदै कक्षामा स्थलको नाम भर्न लगाउने<br>• पर्यटनको परिचय तथा महत्त्वका बारेमा छलफल गर्न लगाउने<br>• बनेपाका ऐतिहासिक तथा साँस्कृतिक महत्त्वका स्थलहरुको नामको सूची कक्षामा प्रस्तुत गरी छलफल गर्न लगाउने<br>• आफ्नो वडाको पर्यटकीय स्थलको सूची बनाइ कक्षामा प्रस्तुत गरी ऐतिहासिक तथा साँस्कृतिक स्थलहरुले पर्यटनको विकासमा वादविवाद सञ्चालन पार्ने प्रभाव विषयमा गर्ने | • पर्यटन भनेको के हो ?वडामा पर्यटनको महत्त्व बारेमा ४ बुदाँहरु लेख्नुहोस् ।<br>• बनेपामा भएको धार्मिक स्थलहरुको नाम लेखी यस्ता स्थलमा पर्यटनको आगमनका बारेमा लेख्नुहोस् । |
| ३. संस्कार र संस्कृति | स्थानीय सामाजिक मूल्य मान्यताहरुको परिचय तथा महत्व | • वडागत रुपमा सामाजिक मूल्य मान्यताहरुको परिचय<br>• वडागत रुपमा सामाजिक मूल्य मान्यताहरुको महत्त्व<br>• बनेपाको सामाजिक मूल्य मान्यताहरुको पहिचान तथा समाजमा परेको प्रभाव | • वडागत रुपमा रहेका सामाजिक मूल्य मान्यताहरुको परिचय दिन भिडियो वा खेतीपातीमा सहयोगको कार्यका बारेमा छलफल गर्न लगाउने<br>• सामाजिक मूल्य मान्यताको महत्त्व बताउन विभिन्न सामाजिक कामहरुको सूची बनाई कक्षामा छलफल गर्ने<br>• बनेपाका सामाजिक मूल्य मान्यताहरुको सूची बनाई यसले समाजमा पारेको प्रभावका बारेमा छलफल गर्नु | • आफ्नो वडामा भएको सामाजिक कार्यको नाम लेख्नुहोस् ।<br>• सामूहिक भावना विकास गर्न सामाजिक मूल्य मान्यताले कसरी सहयोग पुग्छ ?<br>• बनेपाको सामाजिक मूल्य मान्यताहरुको सूची बनाइ यसले समाजमा पारेको प्रभावका बारेमा लेख्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ४. स्थानीय पेशा उद्यमशीलता र प्रविधि | स्थानीय परम्परागत व्यवसायहरुको परिचय तथा महत्त्व | • स्थानीय परम्परागत व्यवसायहरुको परिचय तथा महत्त्व<br>• वडागत रुपमा स्थानीय परम्परागत व्यवसायहरुको नाम तथा वर्तमान अवस्था<br>• बनेपामा भएका परम्परागत व्यवसायहरुको अवस्था र यसको महत्त्व | • तपाईको घरमा कस्ले के के काम गर्नुहुन्छ ? कामहरुको चित्रहरु प्रर्दशन गर्ने ।<br>• पाठमा दिइएको वाक्यांश पढेर सुनाउने<br>• व्यवसाय सम्बन्धी अभिनय गराउने ।<br>• चित्र छलफल (विभिन्न व्यवसायहरु सम्बन्धि) गर्न लगाउने<br>• वडागत रुपमा परम्परागत व्यवसायहरु पहिचान हुने. गीत गाउन लगाउने ।<br>• आफ्नो घरमा भएका परम्परागत सामानहरुको सूची बनाउन परियोजना कार्य गर्न लगाउने । | • आफ्नो वडामा भएका बाँस वा नाङलोको प्रयोग गरी कस्ताकस्ता व्यवसायहरु सञ्चालन भएका छन ? वा यस्तै अन्य स्थानीय कच्चा पदार्थ प्रयोग भएका परम्परागत व्यवसायको नाम लेख्नुहोस् ।<br>• काष्ठ, ताम्र, चित्रकला कस्ता व्यवसाय हुन् आफ्नो धारणा स्पष्ट पार्नुहोस् । |
| ५. स्वास्थ्य सरसफाइ र खेलकुद | • व्यक्तिगत स्वास्थ्य , सरसफाइको परिचय तथा महत्त्व<br>• स्थानीय खेलहरुको परिचय तथा खेल अभ्यास | • व्यक्तिगत सरसफाइ परिचय तथा महत्त्व<br>• स्थानीय खेलहरुको परिचय<br>• स्थानीय खेलहरुको महत्त्व | • कक्षामा व्यक्तिगत सरसफाइको अवस्था पहिचान गर्न सरसफाइ परीक्षण गर्न लगाउने<br>• बाहिरी तथा भित्री शरीरको सरसफाइका बारेमा छलफल गर्न लगाउने | • व्यक्तिगत सरसफाइ भनेको के हो ? यसको फाइदा लेख्नुहोस् ।<br>• व्यक्तिगत सरसफाइ गर्दा कुन कुन कुरा ध्यान दिनु पर्दछ ?<br>• आफ्नो वडामा भएको स्थानीय खेलको नाम र खेल्ने तरिका लेख्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| | | | • शरीरका अङ्ग (आँखा, नाक, कान, जिब्रो, छाला.. आदि) सरसफाइबाट हुने फाइदाका बारेमा छलफल गर्न लगाउने<br>• वडागत स्थानीय खेलको परिचय तथा खेलहरुको सूची प्रस्तुत गरी कक्षामा छलफल गर्न लगाउने<br>• स्थानीय खेलको महत्त्वको बारेमा छलफल गर्न लगाउने<br>• केही स्थानीय खेल खेल्ने अभ्यास गराउने | • स्थानीय खेलको महत्त्वको बारेमा लेख्नुहोस् । |
| ६. विपद, वातावरण, दिगो विकास र हरित विद्यालय | • फोहरमैला व्यवस्थापनको तरिका तथा व्यवस्थापनका समस्याहरु | • फोहोरमैलाको परिचय<br>• घर तथा विद्यालयमा हुने फोहोरको वर्गीकरण<br>• वडा तथा समुदायमा हुने फोहोरमैलाको समस्या तथा समाधानका उपायहरु | • फोहोरको चित्र वा फोहोर गरेको व्यवहार कक्षामा छलफल गरी फोहरको परिचय दिने<br>• कुहिने तथा नकुहिने फोहोरको वर्गीकरण गरी घर र विद्यालयमा हुने फोहोरको बारेमा छलफल गराउने<br>• घर वा विद्यालयको फोहोर व्यवस्थापन गर्ने तरिका बारेमा छलफल गर्ने<br>• वडा वा समुदायमा गइ वडा वा समुदायको फोहोरमैला व्यवस्थापनको अवस्था पहिचान गरी फोहोरमैला व्यवस्थापनको तरिका बारेमा अध्ययन भ्रमण गर्ने<br>• बनेपा नगरपालिकाको फोहोरमैला व्यवस्थापन गर्ने तरिकाको बारेमा वडामा वा नगरपालिकामा गई फोहोर व्यवस्थापनको तरिकाको बारेमा प्रतिवेदन कक्षामा प्रस्तुत गर्ने । | • आफ्नो घरको फोहोर आफैले व्यवस्था गर्नुपर्छ ? यसमा तपाईको भूमिका लेख्नुहोस् ।<br>• फोहोरमैला व्यवस्थापनमा फोहोरको वर्गीकरण आवश्यक हुन्छ ? कारण प्रस्तुत गर्नुहोस् ।<br>• विद्यालयको फोहोर व्यवस्थापनको तालिका निर्माण गरी कार्यान्वयन गर्नुहोस् । |
| ७. व्यक्ति र संस्था परिचय | • बनेपा क्षेत्रभित्रका साहित्यिक व्यक्तित्वहरु | • बनेपा क्षेत्रभित्रका साहित्यिक व्यक्तित्वहरुको परिचय | • बनेपा क्षेत्र भित्रका साहित्यिक व्यक्तित्वहरुको फोटो कक्षामा प्रस्तुत गरी व्यक्ति परिचय गराउने | • कस्ता व्यक्तिलाई साहित्यिक व्यक्तित्त्व भनिन्छ ? |

| | | | | |
|---|---|---|---|---|
| | | • बनेपा क्षेत्रभित्रका साहित्यिक व्यक्तित्वहरुको योगदान तथा कृतिहरु | • साहित्यिक व्यक्तिको जीवनीको भिडियो वा कथा निर्माण गरी कक्षामा प्रस्तुत गर्ने<br>• बनेपा क्षेत्रभित्रका साहित्यिक व्यक्तित्त्वहरुको योगदान तथा कृतिहरुका बारेमा कक्षामा छलफल गराउने । | • बनेपा नगर क्षेत्रभित्रका साहित्यिक व्यक्तित्त्वहरुको सूची तयार गर्नुहोस् । ८<br>• बनेपाको साहित्यिक विकासमा साहित्यकारले पु-याएको योगदान उल्लेख गर्नुहोस् । |

**कक्षा ५**

| क्षेत्र/एकाइ | विषयवस्तु | विषयवस्तुको विस्तृतिकरण | शिक्षण सिकाइ कियाकलाप | मूल्यांकन प्रश्न |
|---|---|---|---|---|
| १. बनेपा नगरपालिकाको परिचय | बनेपा नगरपालिकाको भूमिका र कार्यहरु | • बनेपा नगरपालिकाको परिचय र भौगोलिक अवस्थिति<br>• बनेपा नगरपालिकाको भूमिकाहरु<br>• बनेपा नगरपालिकाले गर्ने कार्यहरु | • बनेपाको नक्सा प्रस्तुत गरी बनेपाको परिचय दिन लगाउने<br>• बनेपा नगरपालिकाको भौगोलिक अवस्थितिका बारेमा छलफल गर्ने<br>• बनेपाको विकासमा बनेपा नगरपालिका मुख्य मुख्य भूमिकाहरुको सूची बनाइ कक्षामा छलफल गर्न लगाउने<br>• बनेपा नगरपालिकाको विकासका लागि विषयगत कार्यहरुको विवरण कक्षामा पेस गरी छलफल गर्ने । | • बनेपा नगरपालिकासँग सिमाना जोडिएका नगरपालिकाको नाम लेख्नुहोस् ।<br>• नगरको विकासमा बनेपा नगरपालिकाको मुख्य भूमिका उल्लेख गर्नुहोस् ।<br>• बनेपा नगरपालिकाका सामाजिक विकाससग सम्बन्धित कार्यहरुको सूची प्रस्तुत गर्नुहोस् । |
| २. प्राकृतिक स्रोत र सम्पदा | जैविक विविधताको परिचय तथा महत्त्व | • जैविक विविधताको परिचय,<br>• जैविक विविधताको महत्त्व,<br>• बनेपा नगरपालिका क्षेत्रको जैविक विविधताको अवस्था | • जैविक विविधता झल्किने चित्र वा भिडियो बनाइ कक्षामा प्रस्तुत गरी अवधारणा विकास गर्ने । | • जैविक विविधता भनेको के हो ? जैविक विविधताको महत्त्व बारेमा ४ बुदाहरु लेख्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| | | | • जैविक विविधता आवश्यकताको बारेमा छलफल गर्न लगाउने ।<br>• बनेपामा जैविक विविधता संरक्षणको अवस्था बोध गराउन कथा वा कविता तयार गरी कक्षामा प्रस्तुत गरी छलफल गराउने<br>• आफ्ना वडाको जैविक अवस्थाको बारेमा जानकारी लिन समाजमा विभिन्न प्रजातिका चराचुरुगींहरुको सरक्षणको अवस्था खोजी गर्न परियोजना कार्य गर्न लगाउने । | • बनेपामा जैविक विविधता संरक्षणको बारेमा लेख्नुहोस् । |
| ३. संस्कार र संस्कृति | स्थानीय भाषा तथा भेषभुषा व्रत तथा उपवास स्थानीय गीत तथा संगीत वाजागाजा परिचय तथा महत्त्व | • वडागत रुपमा स्थानीय भाषा तथा भेषभूषाको परिचय र महत्त्व<br>• बनेपा नगरको भाषा, वेषभुषा र ब्रत उपवासको परिचय र महत्त्व<br>• स्थानीय गीत, संगीत, वाजागाजा परिचय तथा महत्त्व | • वडागत रुपमा बोलिने भाषाहरुको सूची बनाइ कक्षामा प्रस्तुत गरी छलफल गर्ने ।<br>• वडागत रुपमा प्रचलनमा रहेका भेषभूषाहरुको सूची बनाइ कक्षामा प्रस्तुत गरी छलफल गर्ने ।<br>• बनेपाका भाषा, भेषभूषा, उपवासका प्रचलनहरुको सूची तयार गरी कक्षामा छलफल गर्ने । | • आफ्नो वडा मा बोलिने स्थानीय भाषाको नाम लेख्नुहोस् ।<br>• बनेपाका स्थानीय पर्व अनुसार भेषभूषाको सूची बनाउनु होस् ।<br>• बनेपाका विभिन्न समुदायका मानिसहरुले लिने व्रत तथा उपवासका नाम लेख्नुहोस् । |
| ४. स्थानीय पेशा उद्यमशीलता र प्रविधि | • स्थानीय परम्परागत व्यवसायहरुको लागि सिप तथा प्रविधिको आवश्यकता र स्थानीय उद्योगको परिचय तथा महत्त्व | • स्थानीय परम्परागत व्यवसायहरुको लागि सिप परिचय तथा महत्त्व<br>• स्थानीय परम्परागत व्यवसायहरुको लागि प्रविधिको परिचय र महत्त्व | • तपाईको समुदायका पेसाहरुको सूची तयार गरी कक्षामा प्रदर्शन गर्ने ।<br>• चित्रमा देखाएका व्यवसायहरु गर्न कस्ता सिपहरु आवश्यक पर्दछन् सूची बनाइ सिपको अवधारणा प्रष्ट पार्ने ।<br>• व्यवसायअनुसार प्रविधिको सूची बनाइ प्रविधिको परिचय तथा महत्त्वलाई प्रष्ट गराउने | • आफ्नो वडामा भएका बाँस वा नाङ्लोको कार्य गर्न कस्ता सिप तथा प्रविधिको नाम लेख्नुहोस् ।व्यवसाय गर्न प्रविधिको भूमिका लेख्नुहोस् ।<br>• उद्योगको परिचय दिदै आर्थिक विकास र यसको महत्त्व स्पष्ट पार्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| | | • बनेपामा उद्योगको परिचय तथा महत्त्व | • चित्र देखाएर उद्योगको परिचय गराउने तथा उद्योगको महत्त्व सम्बन्धी छलफल गर्ने । | |
| ५. स्वास्थ्य सरसफाइ र खेलकुद | • सार्वजनिक स्थानको सरफाइ तथा स्वस्थ आहार विहार शैलीको परिचय तथा महत्त्व | • सार्वजनिक स्थलको सरसफाइ परिचय तथा महत्त्व<br>• स्वस्थ आहारविहार शैलीको परिचय<br>• स्वस्थ आहारविहार शैलीको महत्त्व | • सार्वजनिक स्थानको सरसफाइको अवस्था पहिचान गर्न सरसफाइ सम्बन्धी चित्र कक्षामा प्रस्तुत गर्न लगाउने<br>• विद्यालयको सरसफाइका बारेमा छलफल गर्न लगाउने ।<br>• स्वस्थ आहारविहार शैलीको बारेमा छलफल गर्न लगाउने ।<br>• स्वस्थ आहारविहार शैलीको महत्त्व बारेमा छलफल गर्ने ।<br>• स्वस्थ आहारविहार शैलीको विकास गर्न दैनिक आहारको तालिका बनाइ कार्यान्वयन गर्न लगाउने | • सार्वजनिक स्थलको सरसफाइ भनेको के के हो ? यसको फाइदा लेख्नुहोस ।<br>• विद्यालयको सरसफाइ गर्दा कुन कुन कुरामा ध्यान दिनुपर्दछ ?<br>• विद्यालयको खाजाको अवस्था बारेमा लेख्नुहोस ।<br>• स्वास्थ्य आहारविहार शैलीको लेख्नुहोस । |
| ६. विपद, वातावरण, दिगो विकास र हरित विद्यालय | विपदको परिचय वर्गीकरण, न्यूनीकरणका उपाय, प्रदूषणको अवस्था तथा सुधारका उपाय | • विपदको परिचय<br>• विपदको वर्गीकरण तथा न्यूनीकरणका उपायहरु<br>• स्थानीय वातावरण प्रदूषणको अवस्था र समाधानका उपायहरु | • विपदको चित्र वा भिडियो बनाइ वा खोजी कक्षामा प्रस्तुत गरी विपदको परिचय दिने ।<br>• विपदको वर्गीकरण गरी समुदायमा हुने संभावित विपदको सूची बनाइ छलफल गर्नै ।<br>• प्रदुषणको परिचय दिई यसको असरको बारेमा छलफल गर्ने ।<br>• प्रदुषण कम गर्न अवलम्वन गर्न सकिने उपायहरु खोजी कक्षामा छलफल वा अध्ययन भ्रमण गराउने । | • विपद भनेको के हो ? यसको असरको बारेमा लेख्नुहोस् ।<br>• बनेपामा हुन सक्ने विपदको वर्गीकरण गर्नुहोस ।<br>• तपाईको समुदायमा हुने गरेको प्रदूषण पहिचान गरी समधानका लागि कस्तो पहल गर्नु हुन्छ उपाय लेख्नुहोस् । |
| ७. व्यक्ति र संस्था परिचय | स्थानीय कवि साहित्यिक व्यक्तित्व परिचय र स्थानीय विकासमा योगदान | • बनेपा क्षेत्रभित्रका साहित्यिक व्यक्तिहरुको परिचय | • स्थानीय कविले सृजना गरेका केही अंश कक्षामा प्रस्तुत गरी कविको नाम तथा कविताको परिचय गराउने | • कस्तो व्यक्तिलाई साहित्यिक व्यक्ति भनिन्छ ? |

| | | | | |
|---|---|---|---|---|
| | | • बनेपा क्षेत्रभित्रका साहित्यिक व्यक्तित्वहरुको परिचय तथा योगदान<br>• स्थानीय साहित्यकारहरुको स्थानीय साहित्य विकासमा योगदान | • साहित्यिक व्यक्तिको साहित्यक योगदानको भिडियो वा कथा निर्माण गरी कक्षामा प्रस्तुत गर्ने<br>• स्थानीय साहित्यकारहरुले स्थानीय साहित्य विकासमा गरेको योगदानका बारेमा छलफल गर्ने | • बनेपाको साहित्यिक क्षेत्रमा साहित्यकारहरुले पुऱ्याएका योगदान तथा कृतिहरुको सूची तयार गर्नुहोस् ।<br>• स्थानीय साहित्यकारहरुले स्थानीय साहित्य विकासमा गरेको मुख्य-मुख्य योगदान उल्लेख गर्नुहोस् । |

**कक्षा ६**

| क्षेत्र/एकाइ | विषयवस्तु | विषयवस्तुको विस्तृतिकरण | शिक्षण सिकाइ कियाकलाप | मूल्यांकन प्रश्न |
|---|---|---|---|---|
| १. बनेपा नगरपालिकाको परिचय | • स्थानीय सेवाहरु तथा वितरण संयन्त्र | • स्थानीय सेवाहरुको परिचय<br>• स्थानीय सेवाहरुको वितरण संयन्त्र<br>• स्थानीय सेवाहरुको वितरण प्रक्रियाहरु | • सेवा प्रवाह गरेको चित्र प्रस्तुत गरी सेवाको परिचय दिन लगाउने<br>• स्थानीय सेवाहरुको सूची तयार गरी सेवाका किसिमका बारेमा छलफल गर्ने<br>• स्थानीय सेवाहरुको वितरणका संयन्त्रको परिचय दिदै जनशक्तिको योगदानका बारेमा छलफल गर्न लगाउने ।<br>• बनेपा नगरपालिकाका नागरिक वडापत्र अनुसार सेवा वितरणका प्रक्रिया बारेमा छलफल गर्न लगाउने । | • स्थानीय सेवा भन्नाले के बुझिन्छ ? बनेपा नगरपालिकाबाट वितरण गरिने सेवाहरुको सूची तयार गर्नुहोस् ।<br>• स्वास्थ्य सेवा वितरणको प्रक्रिया उल्लेख गर्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| २. प्राकृतिक स्रोत र सम्पदा | स्थानीय प्राकृतिक स्रोत परिचालन र व्यवस्थापन | • प्राकृतिक स्रोतको परिचय<br>• प्राकृतिक स्रोतको वर्गीकरण<br>• स्थानीय प्राकृतिक स्रोत परिचालन र व्यवस्थापन तरिका | • प्राकृतिक स्रोतको परिचय दिन लगाउने<br>• बनेपाका प्राकृतिक स्रोतको वर्गीकरणका बारेमा छलफल गर्न लगाउने<br>• स्थानीय प्राकृतिक स्रोत परिचालन र व्यवस्थापनका तरिका बारे छलफल गर्न लगाउने | • प्राकृतिक स्रोतभनेको के हो ? यसको महत्त्व बारेमा ४ बुदाँहरुमा लेख्नुहोस् ।<br>• स्थानीय प्राकृतिक स्रोत परिचालन र व्यवस्थापन तरिकाका बारेमा लेख्नुहोस् । |
| ३. संस्कार र संस्कृति | वडागत जातजातिहरुको परिचय तथा रीति, प्रचलन, चाडपर्व | • वडागत जातजातिको परिचय<br>• बनेपा नगरको जातजातिको परिचय<br>• बनेपाका जातजाति अनुसारका रीति, प्रचलन, चाडपर्वहरुको परिचय तथा महत्त्व | • वडागत रुपमा जातिको सूची बनाइ कक्षामा प्रस्तुत गरी छलफल गर्ने<br>• नपाका जातजातिहहरुको सूची बनाइ कक्षामा प्रस्तुत गरी छलफल गर्ने<br>• बनेपाका जातजातिहरुका रीति, प्रचलन, चाडपर्वका बारेमा छलफल गर्ने । | • वडा नं. ५ मा रहेका जातजातिको नाम लेख्नुहोस् ।<br>• नेवार जातिका मुख्य चाडपर्वको नाम लेख्नुहोस् ।<br>• वडाहरुको जाति विवरण अनुसार रीति तथा चलनहरुको नाम लेख्नुहोस् । |
| ४. स्थानीय पेशा उद्यमशीलता र प्रविधि | उद्यमशीलताको परिचय, व्यावसायिक पेसाका लागि सामग्रीको सूची तथा सामग्रीको प्रयोग | • उद्यमशीलताको परिचय तथा महत्त्व<br>• व्यावसायिक पेसाका लागि सामग्रीको सूची<br>• व्यावसायिक पेसाका लागि सामग्रीको प्रयोग | • नर्सरी व्यवसायको चित्र प्रस्तुत गरी कक्षामा प्रर्दशन गरी व्यवसायको परिचय दिने ।<br>• चित्रमा देखाएर उद्यमी तथा व्यवसायीको परिचय प्रष्ट गर्ने ।<br>• बाँसका सामग्रीबाट विकास गर्न सकिने सामग्रीको नाम प्रस्तुत गर्ने ।<br>• चित्र देखाएर बत्ती बनाउन आवश्यक सामग्रीको सुची तयार गर्ने ।<br>• कुनै व्यवसायी वा उद्यमी कक्षामा बोलाइ उत्पादनका सामग्री तथा उत्पादनको तरिकाका बारेमा छलफल गर्न लगाउने । | • उद्यमी भनेको के हो ? उद्यमी तथा व्यवसायीबीच के फरक छ लेख्नुहोस्<br>• स्थानीय सामग्री प्रयोग गरेर कस्ता कस्ता सामान उत्पादन गर्न सकिन्छ लेख्नुहोस् । |
| ५. स्वास्थ्य सरसफाइ र खेलकुद | योग तथा प्रणायामको परिचय, महत्त्व तथा अभ्यास | • योगको परिचय तथा महत्त्व<br>• प्रणायामको परिचय र महत्त्व<br>• योग तथा प्रणायामको अभ्यास | • योग गरेको चित्र वा भिडियो कक्षामा प्रस्तुत गरी अवधारणा प्रष्ट गर्ने । | • योग भनेको के हो ? यसका फाइदा लेख्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| | | | • प्रणायामको परिचय दिन कक्षामा भिडियो प्रस्तुत वा चित्र व्याख्याबाट धारणा प्रष्ट गर्न लगाउने ।<br>• योग तथा प्रणायामको नियमित अभ्यास गरी घरमा वा विद्यालयमा योग गर्ने बानीका विकास , योग तथा प्रणायामको महत्त्व बोध गराउने । | • प्रणायाम भनेको के हो ?प्रणायाम गर्दा कुन-कुन कुरामा ध्यान दिनु पर्दछ ?<br>• प्रणायामका फाइदा लेख्नुहोस् । |
| ६. विपद, वातावरण, दिगो विकास र हरित विद्यालय | दिगो वातावरणीय विकासको परिचय र महत्त्व<br><br>स्थानीय विकास निर्माणले वातावरणलाई पारेको प्रभाव | • दिगो वातावरणीय विकासको परिचय र महत्त्व<br>• दिगो वातावरणीय विकासको विशेषताहरु<br>• स्थानीय विकास निर्माणले वातावरणलाई पारेको प्रभाव<br>• स्थानीय विकास निर्माणले वातावरणलाई पारेको प्रभाव कम गर्ने उपायहरु | • दिगो वातावरणीय विकासको परिचय र महत्त्व चित्र वा भिडियो बनाइ वा खोजी कक्षामा प्रस्तुत गरी अवधारणा प्रष्ट गर्ने ।<br>• दिगो वातावरणीय विकासको विशेषताहरुको सूची बनाइ छलफल गर्नुहोस् ।<br>• स्थानीय विकास निर्माणले वातावरणलाई पारेको प्रभावका बारेमा छलफल गर्नुहोस् ।<br>• स्थानीय विकास निर्माणले वातावरणलाई पारेको प्रभाव अध्ययन भ्रमण गराउने । | • दिगो वातावरणीय विकासको भनेको के हो ? यो किन आवश्यक छ ?<br>• दिगो वातावरणीय विकासका विशेषताहरुको सूची तयार गर्नुहोस् ।<br>• तपाईको समुदायमा हुने गरेको दिगो वातावरणीय विकासको असर अध्ययन गरी समाधानका कस्तो पहल गर्नु हुन्छ उपाय लेख्नुहोस् । |
| ७.व्यक्ति तथा संस्था परिचय | स्थानीय कवि साहित्यिक व्यक्तित्व परिचय र स्थानीय विकासमा योगदान | • नगरपालिका क्षेत्रभित्रका सामाजिक संस्थाहरुको परिचय तथा महत्त्व<br>• नगरपालिका क्षेत्रभित्रका सरकारी संस्थाको परिचय तथा महत्त्व | • सामाजिक संस्थाहरुको परिचय दिन चित्र वा संस्था भम्रणबाट अवधारणा प्रष्ट गर्न लगाउने ।<br>• बनेपाको विकासमा सामाजिक संस्थाहरुको महत्त्व बुँदागत रुपमा कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>• सरकारी संस्थाहरुको परिचय दिन चित्र वा संस्थाको भम्रणबाट अवधारणा प्रष्ट गर्न लगाउने । | • सामाजिक संस्था भनेको के हो? बनेपाको विकासमा सामाजिक संस्थाहरुले कस्तो योगदान पुऱ्याएको पाउनु भएको छ ?<br>• सरकारी संस्थाहरुको परिचय दिदै सरकारी संस्थाहरुको सूची प्रस्तुत गर्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| | | | • बनेपाको विकासमा सरकारी संस्थाहरुको महत्त्व बुदाँगत रुपमा कक्षामा प्रस्तुत गर्न लगाउने । | |
| ७. व्यक्ति र संस्था परिचय | स्थानीय कवि साहित्यिक व्यक्तित्व परिचय र स्थानीय विकासमा योगदान | • बनेपा क्षेत्रभित्रका साहित्यिक कविहरुको परिचय<br>• बनेपा क्षेत्रभित्रका साहित्यिक व्यक्तित्वहरुको परिचय तथा योगदान<br>• स्थानीय साहित्यकारहरुको स्थानीय साहित्य विकासमा योगदान | • स्थानीय कविले सृजना गरेका केही अंश कक्षामा प्रस्तुत गरी कविको नाम तथा कविताको परिचय गराउने<br>• साहित्यिक व्यक्तिको साहित्यिक योगदानको भिडियो वा कथा निर्माण गरी कक्षामा प्रस्तुत गर्ने<br>• स्थानीय साहित्यकारहरुले स्थानीय साहित्य विकासमा गरेको योगदानका बारेमा छलफल गर्ने | • कस्तो व्यक्तिलाई साहित्यिक व्यक्ति भनिन्छ ?<br>• बनेपाको साहित्यिक क्षेत्रमा साहित्यकारहरुले योगदान तथा कृतिहरुको सूची तयार गर्नुहोस् ।<br>• स्थानीय साहित्यकारहरुले स्थानीय साहित्य विकासमा गरेको मुख्य मुख्य योगदान उल्लेख गर्नुहोस् । |

**कक्षा ७**

| क्षेत्र/एकाइ | विषयवस्तु | विषयवस्तुको विस्तृतिकरण | शिक्षण सिकाइ कियाकलाप | मूल्यांकन प्रश्न |
|---|---|---|---|---|
| १. बनेपा नगरपालिकाको परिचय | • नगरपालिका आवधिक योजना तथा कार्यकम तर्जुमा कार्यान्वयन | • नगरपालिका आवधिक योजनाको परिचय<br>• आवधिक आयोजनाहरुको विकास तथा तर्जुमा<br>• योजना कार्यान्वयन तथा अनुगमन | • आवधिक योजनाको परिचय दिन लगाउने<br>• आवधिक नगर योजनाको परिचय, विकासका क्षेत्रहरु बारेमा छलफल गर्ने<br>• आवधिक योजना तर्जुमा प्रकिया बारेमा छलफल गर्न लगाउने<br>• योजना कार्यान्वयनको अवस्था वारेमा छलफल गर्न लगाउने<br>• योजना अनुगमनका बारेमा छलफल गर्न लगाउने | • योजना भन्नाले के बुझिन्छ ? आवधिक योजनाहरुको विकासका क्षेत्रहरुको सूची तयार गर्नुहोस् ।<br>• नगर आवधिक योजना तर्जुमा चरणहरु प्रस्तुत गर्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| २. प्राकृतिक स्रोत र सम्पदा | • स्थानीय सम्पदाको परिचय, महत्त्व तथा संरक्षण | • स्थानीय सम्पदाको परिचय<br>• स्थानीय सम्पदाको महत्त्व तथा संरक्षण | • वडागत प्राकृतिक स्रोत तथा सम्पदाको परिचय दिन सम्पदाका चित्रहरु प्रस्तुत गर्न लगाउने<br>• बनेपाका सम्पदाहरुको वर्गीकरणका बारेमा छलफल गर्न लगाउने<br>• बनेपाका सम्पदाहरुको महत्त्वको बारेमा छलफल गर्न लगाउने, बनेपाका सम्पदाहरुको चिनारी उल्लेखित भिडियो खोजी कक्षामा प्रस्तुत गरी संरक्षणको अवस्था पहिचान गर्न लगाउने | • सम्पदा भनेको के हो ? यसको महत्त्व बारेमा ४ बुँदाहरुमा लेख्नुहोस् ।<br>• बनेपामा कस्ता प्रकारका सम्पदाहरु रहेका छन् सूची प्रस्तुत गर्नुहोस् ।<br>• सम्पदा संरक्षणका उपायहरुको सूची तयार गर्नुहोस् । |
| ३. संस्कार र संस्कृति | नैतिक मूल्य मान्यताहरुको परिचय र प्रयोग | • नैतिक मूल्यमान्यताहरुको परिचय<br>• नैतिक मूल्यमान्यताहरुको महत्त्व<br>• नैतिक मूल्यमान्यताहरुको प्रयोग | • नैतिक र नैतिकताको अवधारणा प्रष्ट पार्न पापुका विषयवस्तुहरुका बारेमा छलफल गर्ने<br>• नैतिक मूल्यमान्यताहरुको सूची बनाइ कक्षामा प्रस्तुत गरी छलफल गर्ने<br>• नैतिक मूल्य मान्यताहरुको समाजमा प्रयोग अवस्था थाहा पाउन नैतिक मूल्यहरुको भिडियो बनाइ कक्षामा छलफल गर्ने ।<br>• आफू बसेको स्थानको नैतिक मूल्यहरुको अवस्थाका बारेमा सर्वेक्षण गरी नैतिक मूल्य प्रयोगको अवस्थाबारे प्रतिवेदन पेश गर्न लगाउने । | • नैतिकता भनेको हो ?नैतिक मूल्यहरुको सूची तयार गर्नुहोस् ।<br>• आफू बसेको टोलमा चोरीका घटनाहरु भएको भए त्यस्ता घटना घट्न नदिन के गर्नु पर्ला छलफल गर्नुहोस् । |
| ४. स्थानीय पेशा उद्यमशीलता र प्रविधि | स्थानीय रुपमा गरिने खेतीपातीहरुको परिचय तथा तरिका | • कृषि पेशाको परिचय तथा महत्त्व<br>• बनेपामा गरिने खेतपातीहरुको परिचय, प्रकार र महत्त्व<br>• व्यवसायिक खेतीको परिचय तथा प्रयोग | • कृषि काम गरिरहेको चित्र प्रस्तुत गरी कक्षामा प्रदर्शन गरी कृषि व्यवसायको परिचय दिने<br>• बनेपाको मुख्य खेतीपातीहरुको परिचय तथा प्रकारका बारेमा छलफल गर्ने।<br>• व्यवसायिक खेतीको परिचय तथा महत्त्व बारेमा कक्षामा छलफल गर्ने । | • कृषि व्यवसाय भनेको के हो ?यसको महत्त्व बारेमा लेख्नुहोस् ।<br>• बनेपाको खेतीपातीको वर्गीकरण गर्नुहोस्<br>• व्यवसायिक खेतीको परिचय दिदै तपाईको टोलमा यसको प्रयोगको संभावनाको बारेमा लेख्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| | | | • बनेपाका खेतीपातीहरुको अवस्था पहिचान गर्न क्षेत्र भ्रमण गरी व्यवसायको अवस्था बारेमा प्रतिवेदन पेश गर्न लगाउने । | |
| ५. स्वास्थ्य सरसफाइ र खेलकुद | ध्यान तथा व्यायाम परिचय, महत्त्व तथा अभ्यास सकारात्मक सोच र चरित्र निर्माण | • ध्यानको परिचय, महत्त्व र अभ्यास<br>• व्यायामको परिचय, महत्त्व र अभ्यास<br>• सकारात्मक सोचको परिचय तथा महत्त्व<br>• चरित्र निर्माणको अवधारणा तथा तरिका | • ध्यान गरेको चित्र वा भिडियो कक्षामा प्रस्तुत गरी अवधारणा प्रष्ट गर्ने<br>• ध्यानको महत्त्व तथा अभ्यासका कार्य कक्षा र घरमा गर्न लगाउने<br>• व्यायामको परिचय तथा महत्त्व बोध गराउँदै तालिका बनाइ व्यायामका अभ्यास गर्न लगाउने तथा गराउने<br>• सकारात्मक सोचको अवधारणा तथा महत्त्वका बारेमा छलफल गर्न लगाउने<br>• सकारात्मक सोच विकासका तरिकाका बारेमा छलफल गर्न लगाउने ।<br>• चरित्र निर्माणको अवधारणा प्रष्ट पार्दै चरित्र निर्माणका तरिका बारेमा छलफल गर्न लगाउने । | • ध्यान भनेको के हो ? यसका फाइदा लेख्नुहोस् ।<br>• व्यायाम भनेको के हो ?व्यायाम गर्दा कुन कुन कुरामा ध्यान दिनु पर्दछ ?<br>• सकारात्मक सोच विकास गर्न सकिने तरिकाको नाम लेख्नुहोस् ।<br>• असल चरित्र निर्माण कसरी गर्न सकिन्छ ? |
| ६. विपद, वातावरण, दिगो विकास र हरित विद्यालय | विपद् व्यवस्थापनमा स्थानीय तहको तथा संस्थाहरुको भूमिका | • विपदको परिचय तथा व्यवस्थापनका तरिका<br>• विपद व्यवस्थापनमा बनेपा नगरपालिकाको भूमिका<br>• विपद् व्यवस्थापनमा स्थानीय संस्थाहरुको भूमिका | • विपद् सम्बन्धी भिडियो प्रस्तुत गरी विपद्को परिचय व्यवस्थापनको अवधारणा प्रष्ट पार्ने<br>• वडागत रुपमा घटेका विपद्का घटनाहरुको सूची बनाइ छलफल गर्न लगाउने ।<br>• विपद् व्यवस्थापनमा बनेपा नगरपालिकाको भूमिकाको बारेमा छलफल गर्न लगाउने<br>• स्थानीय संस्थाहरुको विपद् व्यवस्थापनमा भूमिका अध्ययन भ्रमण गरी अनुभव कक्षामा प्रस्तुत गर्न लगाउने । | • विपद् भनेको के हो ? बनेपा नगरपालिकाभित्र घटेका विपद्का घटनाहरुको सूची तयार गर्नुहोस् ।<br>• विपद् व्यवस्थापनमा बनेपा नगरपालिकाको भूमिका लेख्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| ७. व्यक्ति र संस्था परिचय | बनेपा पोलिटेक्निक इन्स्टिच्यूट लगायतका संस्थाहरु र सरकारी संस्थाहरुको परिचय तथा महत्त्व | ● बनेपा पोलिटेक्निक इन्स्टिच्यूटको परिचय तथा यसका कार्यक्रमहरु<br>● स्वास्थ्य सेवा वितरणमा संलग्न संस्थाहरुको परिचय तथा कार्यक्रम | ● बनेपा पोलिटेक्निक इन्स्टिच्यूटको परिचय दिन संस्था वनाएको बृतचित्र वा कथा कक्षामा प्रस्तुत गरी परिचय गराउने<br>● बनेपा पोलिटेक्निक इन्स्टिच्यूटको कार्यक्रमहरुको सूची तयार गरी कक्षामा प्रस्तुत गर्ने<br>● आर्युर्वेद तथा यसका कार्यहरुको वृत चित्र वा पोष्टर बनाइ कक्षामा स्वास्थ्यमा योगदानका बारेमा छलफल गर्ने<br>● बनेपा भित्रका अस्पतालहरु तथा स्वास्थ्य चौकीहरुको परिचय तथा महत्त्व बारेमा छलफल गर्न लगाउने । | ● बनेपा पोलिटेक्निक इँन्स्टिच्यूटको मुख्य कार्य के हो ?<br>● बनेपा पोलिटेक्निक इन्स्टिच्यूटले उत्पादन गर्ने जनशक्तिको सूची तयार गर्नुहोस् ।<br>● आर्युर्वेद कार्यालयको परिचय दिइ बनेपा नगरभित्र रहेका अस्पतालहरुको नाम लेख्नुहोस् । |

**कक्षा ८**

| **क्षेत्र/एकाइ** | **विषयवस्तु** | **विषयवस्तुको विस्तृतिकरण** | **शिक्षण सिकाइ कियाकलाप** | **मूल्यांकन प्रश्न** |
|---|---|---|---|---|
| १. बनेपा नगरपालिकाको परिचय | ● बनेपाको मानव विकासको परिचय तथा कार्यक्रम | ● नगरपालिकाको परिचय र इतिहास<br>● मानव साधन विकासको परिचय तथा महत्त्व<br>● मानव साधन विकासका कार्यक्रम | ● बनेपाको परिचय बारेमा छलफल गर्दै बनेपाको इतिहासको विकासका बारेमा बुँदा रुपमा छलफल गर्न लगाउने<br>● मानव साधनको परिचय तथा महत्त्वका बारेमा कथा वा भिडियो चित्र कक्षा प्रस्तुत गरी अवधारणा तथा महत्त्वका बारेमा छलफल गर्ने<br>● बनेपा नगरपालिकामा मानव संसाधन विकासका कार्यक्रमहरुको सूची तयार गरी कक्षामा छलफल गर्न लगाउने । | ● बनेपाको नामाकरण कसरी भएको हो ?<br>● मानव साधन भनेको के हो ?<br>● मानव साधन विकासका तरिकाको सूची तयार गर्नुहोस् ।<br>● बनेपा नगरपालिकाले मानव साधन विकासका लागि कस्ता कस्ता कार्यक्रमहरु संचालन गरेको छ ? |

| | | | | |
|---|---|---|---|---|
| २. प्राकृतिक स्रोत र सम्पदा | • प्राकृतिक श्रोतको वर्गीकरण र संरक्षण | • प्राकृतिक श्रोतको परिचय,वर्गीकरण र प्रकार<br>• बनेपाका प्राकृतिक श्रोतको पहिचान, वर्गीकरण र संरक्षण | • प्राकृतिक स्रोतको परिचय दिदै बनेपा भित्रका प्राकृतिक स्रोतहरुको वर्गीकरणका बारेमा छलफल गर्न लगाउने<br>• बनेपा नगरभित्रका खोलानालाहरुको चित्रहरु कक्षामा प्रस्तुत गरेर पानीका स्रोतका बारेमा छलफल गर्न लगाउने<br>• प्राकृतिक स्रोतको भिडियो कक्षा प्रस्तुत गरी संरक्षणका तरिका बारेमा छलफल गर्न लगाउने<br>• आफ्नो समुदायका प्राकृतिक स्रोतहरुको पहिचान गर्न खोलानालाहरु तथा वनहरुको नामको सूची तयार गर्न लगाइ परियोजना कार्य दिनेहोस् । | • प्राकृतिक स्रोतका महत्त्वमध्ये कुनै ४ वटा महत्त्व उल्लेख गर्नुहोस् ?<br>• प्राकृतिक स्रोतले पर्यटन विकासमा कसरी मद्दत पुऱ्याउँछ ?<br>• प्राकृतिक स्रोतले आर्थिक विकासमा कसरी टेवा पुऱ्याएको छ ? लेख्नुहोस् ।<br>• प्राकृतिक स्रोतको उपयोगिता र महत्त्वबारे वर्णन गर्नुहोस् । |
| ३. संस्कार र संस्कृति | • नैतिक मूल्यमान्यताहरुको, प्रकार र महत्त्व<br>• आफ्नो समाजमा नैतिक मूल्य र मान्यताको अवस्था तथा सुधारका उपायहरु | • नैतिक मूल्यमान्यताहरुको, प्रकार र महत्त्व<br>• आफ्नो समाजमा नैतिक मूल्य र मान्यताको अवस्था<br>• आफ्नो समाजमा नैतिक मूल्य र मान्यताको सुधारका उपायहरु | • नैतिक तथा नैतिकताको अर्थ प्रष्ट गर्दै नैतिक मूल्य मान्यताका बारेमा छलफल गर्न लगाउने<br>• नैतिक मूल्य तथा मान्यताको अवधारणा विकास गर्न विद्यार्थीहरूको घर र विद्यालयमा गरिने व्यवहारहरूको सूची बनाई कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>• नैतिक गुणहरुको परिचय दिन पाठयपुस्तक भएका घटनाहरुको सामूहिक छलफल गर्न लगाइ नैतिक गुणहरुको सूची निर्माण गर्न लगाउने<br>• प्र.अ.लाई लेखिएको पत्रमा कस्ता कस्ता नैतिक गुण तथा आचरणहरू समावेश गरिएका छन् ? सूची तयार लगाउने । | • नैतिकको अर्थ बताउनुहोस् ।<br>• नैतिक र नैतिकताबीच के फरक छ ?<br>• सहयोगी तथा इमान्दारिताको गुणलाई नैतिक गुण भनिन्छ आफ्नो धारणा प्रष्ट गर्नुहोस् ।<br>• . तपाइँ आफू बसेको समाजमा सामाजिक विकृतिको मुख्य कारण व्यक्तिमा नैतिक मूल्य तथा मान्यता विकास नहुनुलाई मान्नुहुन्छ ? कसरी आफ्नो धारणा स्पष्ट पार्नुहोस् ।<br>• तपाइँ आफू बसेको समाजमा सामाजिक विकृतिको मुख्य कारण व्यक्तिमा नैतिक मूल्य तथा मान्यता विकास नहुनुलाई मान्नुहुन्छ ? कसरी आफ्नो धारणा स्पष्ट पार्नुहोस् । |

| | | | | |
|---|---|---|---|---|
| | | | ● हाम्रो समाजमा अब्राहम लिङ्कनले सिफारिस गरेका गुण तथा व्यवहारहरू आवश्यक छन् भन्ने विष्यमा वादविवाद कार्य आयोजना लगाउने । | |
| ४. स्थानीय पेशा उद्यमशीलता र प्रविधि | ● कौशी खेतीको परिचय,महत्त्व र तरिका<br>● उधमशीलताको विकास तरिका तथा प्रस्ताव विकास | ● कौशी खेतीको परिचय<br>● कौशी खेतीको महत्त्व<br>● कौशी खेती गर्ने तरिका<br>● उद्यमशीलताको विकासको तरिका तथा प्रस्ताव विकास | ● कौसी खेतीको चित्र वा भिडियो बनाइ अवधारणा तथा खेती गर्ने तरिका बारेमा छलफल गर्न लगाउने<br>● कौसी खेती गर्ने किसान कक्षामा बोलाइ वा किसानसँगको अन्तरवार्ता कक्षा सुन्न लगाउने यसका फाइदा तथा सावधानी बारेमा कक्षामा छलफल गर्न लगाउने<br>● कौसी खेतीको लागि उपयुक्त बाली छनोट गरिने आधारहरूका बारेमा कक्षा छलफल गर्न लगाउने<br>● उद्यमी तथा उद्यमशीलताको परिचय दिदै आफ्नो समुदायमा भएका उद्यमी वा उद्यमशीलताको पहिचान गरी भएको महत्त्वको बारेमा छलफल गर्न लगाउने<br>● प्राचीन कालमा बनेपाका उद्यम तथा व्यवसायीका बारेमा छलफल गर्न लगाउने | ● कौसी खेती भनेको के हो ? कौसी खेतीको महत्त्व ४ बुँदामा लेख्नुहोस् ।<br>● कौसी खेती गर्ने तरिका वर्णन गर्नुहोस् ।<br>● कौसी खेतीमा सावधानी नअपनाउँदा पर्ने असरहरू लेख्नुहोस् ।<br>● उद्यमी भनेको के हो ?<br>● .विश्व पर्यटन संगठनले पर्यटनको परिभाषा कसरी गरेको छ ?<br>● पर्यटक भन्नाले के बुझिन्छ ?<br>● पर्यटन कति प्रकारका छन् ?<br>● तीर्थ यात्रा पर्यटन भन्नाले के बुझिन्छ ? . आन्तरिक र बाह्य |

<table>
<tr><td></td><td></td><td></td><td>● .पर्यटनको परिभाषा दिदै महत्त्वका बारेमा छलफल गर्न लगाउने<br>● बनेपामा पर्यटनको संभावना तथा चुनौतीका बारेमा छलफल गर्न लगाइ पर्यटन विकासको योजना कक्षामा प्रस्तुत गर्न लगाउने</td><td>पर्यटनको दुई वटा फरक छुट्याउनुहोस् ?</td></tr>
<tr><td>५. स्वास्थ्य सरसफाइ र खेलकुद</td><td>● पोषण तथा शरीर विकास परिचय र महत्त्व<br>● योगासन परिचय, प्रकार र अभ्यास</td><td>● पोषण तथा शरीर विकास परिचय र महत्त्व<br>● योगासन परिचय, प्रकार र अभ्यास<br>●</td><td>● विद्यार्थीहरूलाई उनीहरूले खाने खानाका सूची तयार गर्न लगाउनुहोस् र ती खानेकुराहरूमा के कस्ता तत्त्वहरू पाइन्छन् ? पोषणका बारेमा छलफल गराउनुहोस् ।<br>● बनेपाका विभिन्न ठाउँमा के कस्ता खाद्यपदार्थहरू उत्पादन हुने गरेका छन् ? पोषणको प्रयोगका बारेमा छलफल गरी टिपोट गर्न लगाउनुहोस् ।<br>● योग, ध्यान तथा व्यायामको प्रयोगात्मक अभ्यास गर्ने अवसर दिइ शिक्षण सिकाइ कियाकलाप संचालन गर्नुहोस्<br>● तपाईं बसेको ठाउँबाट नजिकमा रहेका कुनै २ वटा योगकेन्द्रमा जानुहोस् र त्यसका बारेमा निम्नानुसारको विवरण भर्नहोस् :<br><table><tr><td>क.सं.</td><td>योगकेन्द्रको नाम</td><td>ठेगाना</td></tr><tr><td>१.<br>२.</td><td></td><td></td></tr></table></td><td>● पोषण भनेको के हो ? यसको महत्त्व लेख्नहोस् ।<br>● पोषणतत्त्वहरू पाइने ६ वटै खानेकुराहरूको सूची तयार गर्नुहोस् ।<br>● योग भनेको के हो ? योग र ध्यान गर्न किन आवश्यक छ ?<br>● व्यायामबाट हाम्रो शारीरमा के के फाइदा हुन्छ ?<br>● बनेपामा रहेको सबैभन्दा पुरानो योग केन्द्र कुन हो ?<br>● योगिक जगिङ किन आवश्यक छ, लेख्नहोस् ।</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | ● शिक्षकले आफू र विद्यार्थीलाई समेत सकेसम्म पद्मासनमा नभए सहज आसनमा बस्न लगाउने<br>● पहिले आफूले मन्त्र भन्ने र सँगसँगै भन्न लगाउने, पछि समूहगत रूपमा र एक्लाएक्लै भन्न लगाउने ।<br>● विद्यार्थीहरूलाई लाइनमा उभ्याउने र शिक्षकले प्रत्येक चरणहरूलाई आफूले गर्दै उनीहरूलाई समेत सँगसगै गर्न लगाउने ।<br>● विद्यार्थीलाई क्रमशः विभिन्न आसनहरू गर्न लगाउने र शिक्षकले अवलोकन गरी मूल्याङ्कन गर्ने । | |
| ६. विपद, वातावरण, दिगो विकास र हरित विद्यालय | ● हरित विद्यालय परिचय र महत्त्व र दिगो विकासको परिचय र महत्त्व | ● हरित विद्यालय परिचय र महत्त्व<br>● दिगो विकासको परिचय र महत्त्व | ● हरित विद्यालयको परिचय तथा महत्त्वका बारेमा छलफल गर्न यसको पक्ष विपक्षमा संवाद गर्न लगाउने<br>● हरित वातावरण सिर्जना गर्न घरमा र विद्यालयमा के के गर्न सकिन्छ ? छलफल गरी बुँदागत रूपमा कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>● दिगो विकासको अवधारणा दिदै बनेपामा दिगो विकासका प्रयास बारेमा कक्षा छलफल गर्नुहोस् ।<br>● दिगो विकासको दृष्टिले आफ्नो समुदायमा संचालनमा रहेको विकास निर्माणको अवलोकन गरी कार्यहरु वातावरणमैत्री | ● हरित विद्यालय भनेको के हो ? लेख्नहोस् ।<br>● हरित विद्यालयको महत्त्व लेख्नहोस् ।<br>● दिगो विकास भनेको के हो ? यसको महत्त्व बारे प्रकाश पार्नुहोस् ।<br>● बनेपा न.पा.ले दिगो विकास कार्यक्रममा के के प्रयास गर्दै आएको छ ? लेख्नहोस् । |

| | | | | |
|---|---|---|---|---|
| | | | भएको नभएको अध्ययन गर्न परियोजना कार्य दिनुहोस् ।<br>● समुदायमा फोहरमैला व्यवस्थापनको बारेमा छलफल गरी छलफलबाट सुझावहरु समुदायलाई दिन लगाउनुहोस् । सो जानकारी नियमन निकाय समेत दिनुहोस् । | |
| ७. व्यक्ति र संस्था परिचय | ● स्थानीय चित्रकलाको परिचय र महत्त्व र निर्माण तरिका तथा अभ्यास | ● स्थानीय चित्रकलाको परिचय र महत्त्व<br>● बनेपामा भएका चित्रकलाको पहिचान<br>● चित्रकला निर्माणको तरिका तथा अभ्यास<br>● स्थानीय मूर्तिकला निर्माण तरिका | ● कला संस्कृतिका विभिन्न चित्र देखाउँदै कलाको परिभाषा र महत्त्व बारेमा छलफल गर्न लगाउने<br>● कला विज्ञबाट कला निर्माण प्रक्रियाका बारे कक्षामा छलफल गर्न लगाउने<br>● विद्यालय वा आफू बसोवास गर्ने क्षेत्रभित्र रहेका मूर्तिहरू देखाई ती मूर्तिहरू (ढुङ्गा, काठ, धातु) केबाट बनको छन् ? छलफल गर्न लगाउनुहोस् । | ● कला भनेको के हो ? हाम्रो प्रस्तुति कसरी कला बन्न पुग्छ ?<br>● कलाका के कस्ता विधा र प्रकारहरू हुन्छन् ?<br>कलालाई किन व्यक्तिगत नभई सार्वजनिक गौरवको विषय मानिन्छ ? नेपाली कलालाई किन विश्व सम्पदाको गौरव मानिएको हो ? |
| ८. बनेपाको ऐतिहासिक पृष्ठभूमि तथा राजनैतिक विभाजन | ● द्वारे प्रथा, वाह्रवटा गाउँ पञ्चायत<br>● बनेपा नगरपालिका हालको विस्तारित नगरपालिका | ● द्वारे प्रथा<br>● वाह्रवटा गाउँ पञ्चायत<br>● काभ्रे जिल्लाको पहिलो नगरपालिका<br>● साविक नगरपालिका<br>● हालको विस्तारित नगरपालिका | ● प्राचीन कालमा बनेपामा द्वारे, जिम्मावाल र मुखियाले गर्ने मुख्य मुख्य कामहरुको सूची कक्षामा प्रस्तुत गर्न लगाउने<br>● बनेपा नगरपालिकाको राजनैतिक विकासको क्रमलाई समयचक्रमा प्रस्तुत गरी छलफल गर्न लगाउने<br>● बनेपा नगरपालिकाको विकासक्रमका बारेमा रुथानीय राजनीतिज्ञसँग छलफल गर्न<br>● तपाईं बसेको वडामा विकास निर्माणका के के कामहरू कसरी गरे र त्यो कामबाट के-कसलाई फाइदा पुगेको छ । वडाध्यक्षा वा सदस्यसंग छलफल गर्न लगाउने | ● प्राचीन कालमा द्वारे, जिम्मावाल र मुखियाले के के काम गर्थे ?<br>● काभ्रे जिल्लामा हाल कतिवटा नगरपालिका र कतिवटा गाउँपालिका रहेका छन् ?<br>● बनेपा नगरपालिकाको विकासक्रमलाई वर्णन गर्नुहोस् ।<br>● तपाईंको घर/गाउँ पहिला कुन नगरपालिका र गाविसमा पर्दथ्यो र अहिले विस्तारित नगरपालिकाको कुन वडामा पर्दछ । |

## ६. शिक्षण सिकाइ विधि

हाम्रो बनेपा हाम्रो गौरव विषयका विषयवस्तुहरु शिक्षण गर्न शिक्षकले स्थानीय परिवेश अनुसारका सन्दर्भलाई शिक्षण सिकाइ क्रियाकलापमा समावेश गर्नु पर्नेछ । विद्यार्थी केन्द्रित शिक्षण विधिहरु जस्तै खोज विधि, छलफल विधि, प्रयोगात्मक विधि, प्रदर्शन विधि, भ्रमण तथा अनुभव आदान प्रदानमा प्राथमिकता दिनु पर्नेछ । स्थानीय परिवेश, संस्कार, संस्कृति, वातावरण, प्रविधिहरुको प्रयोग गरी विद्यार्थी शिक्षण सिकाइ क्रियाकलपा सञ्चालन गर्नु पर्ने हुन्छ । स्थानीय विषयवस्तुहरुको प्रस्तुतिलाई थप प्रभावकारी बनाउन कक्षामा स्थानीय विज्ञ तथा जानाकारलाई आमन्त्रण गर्न सकिने छ । सिकेका कुराको प्रयोग गर्न परियोजना कार्य, समूह कार्य तथा अभिनयको कार्यलाई समेत शिक्षण सिकाइ विधिमा प्रयोग गर्न सकिने छ । यो विषय शिक्षण गर्न ४ पाठ्यघन्टा अर्थात् वार्षिक १२८ घन्टा तय गरिएको छ । शिक्षण सिकाइको माध्यम नेपाली वा मातृभाषामा हुनेछ ।

## ७. मूल्याङ्कन विधि

विद्यार्थी मूल्याङकनका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अवलम्वन गरिनेछ । शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कनका लागि अभिलेख तयार गर्नु पर्नेछ । पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिहरु मपन गर्न निरन्तर विद्यार्थी मूल्याङ्कन शिक्षण सिकाइ क्रियाकलापसँगसँगै दैनिक रुपमा कक्षा १–३ को राष्ट्रिय पाठ्यक्रमले तोकेको ढाँचा प्रयोग गरी विद्यार्थीको सिकाइ मूल्याङ्कन गर्न सकिन्छ ।

**८. पाठ्यक्रम कार्यान्वयन अवधि**

कक्षा १ देखि ८ सम्म हाम्रो बनेपा हाम्रो गौरव विषय शैक्षिक सत्र २०७७ बैशाख देखि लागु गरिनेछ ।